मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

# नव तिलोत्तमा

बुटवल 94.4 mhz एफ.एम

**ग्राहक महानुभावहरुमा अनुरोध**

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा
बुटवल-१० कालिकानगर, रुपन्देही
फोन: ०७१-४३८५७४

वर्ष २० | अंक ९१ | ०८२ माघ २३ गते शुक्रबार | (2026 Feb. 06 Friday) | पृष्ठ संख्या ४ | मूल्य रु. ४


**प्रतिनिधिसभा सदस्य निर्वाचन**

## ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकियो, २५ जिल्लाको 'प्याकिङ'

रासस/काठमाडौँ, २२ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकिएको निर्वाचन आयोगले जनाएको छ। हालसम्म ६० निर्वाचन क्षेत्रका गरी ७२ लाख ६० हजार मतपत्र छपाइ सकिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। छापिएकामध्ये २५ जिल्लाको मतपत्र 'प्याकिङ' पनि सकिएको छ। कर्णाली र सुदूरपश्चिम (एकाध जिल्ला बाहेक) प्रदेशको मतपत्र छपाइ सकिएको छ । प्रत्यक्षतर्फ कुल दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने छ। समानुपातिकतर्फको दुई करोड चार लाख मतपत्र छपाइ सकेर माघ १६ गतेदेखि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु भएको थियो ।उच्च हिमाली र दुर्गम क्षेत्रका जिल्लालाई उच्च प्राथमिकता दिएर आयोगले मतपत्र छपाइलाई निरन्तरता दिइरहेको छ। मतपत्र माघ २५ गतेदेखि फागुन ३ गतेसम्म जिल्ला, जिल्ला पठाउने गरी आयोगले तयारी गरिरहेको छ। निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री निर्वाचन कार्यालयले सम्बन्धित जिल्लामै खरिद गर्ने व्यवस्था गरेको छ।

विभिन्न किसिमका निर्वाचन सामग्री भने आयोगले नै खरिद गरेर जिल्ला, जिल्ला पठाउन लागेको हो। सडक पुगेको उच्च पहाडी र हिमाली जिल्लामा ट्रक र उच्च हिमाली जिल्लामा हेलिकप्टरका माध्यमबाट मतपत्रलगायत निर्वाचन सामग्री ढुवानी गरिने आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो । विसं २०७९ को निर्वाचनमा खरिद गरी बाँकी रहेका निर्वाचन सामग्री भने आयोगले काठमाडौँ वरिपरि एवं नजिक, नजिकका जिल्लामा पठाइएको जनाएको छ। सेतो कोरा कपडा, स्वस्तिक छापलगायत सामग्री यसअधिको निर्वाचनमै खरिद गरी बाँकी रहेको थियो।

## निर्वाचन आचारसंहिता उल्लंघका घटनामा वृद्धि

*पुरुषोत्तम सुवेदी*

तिलोत्तमा/परासी, २२ माघ। निर्वाचनको मिति नजिकिँदै गर्दा पश्चिम नवलपरासी जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाहरू तीव्र रूपमा बढ्न थालेका छन्। चुनावी सरगर्मी बढे पनि उम्मेदवारहरूले कानुनी सीमा मिचेर गतिविधि सञ्चालन गरेको भन्दै जिल्ला निर्वाचन कार्यालय र प्रशासनमा उजुरी थालेका हुन्। जिल्लामा निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुखलाई अनुगमन अधिकृतको जिम्मेवारी दिइएको छ। जिल्लाका दुई निर्वाचन क्षेत्रबाट ५५ जना उम्मेदवारहरू (२३ स्वतन्त्रसहित) चुनावी मैदानमा छन्। निर्वाचन आयोगले गत माघ ४ गतेदेखि नै देशभर आचारसंहिता लागु गरेको भए पनि पश्चिम नवलपरासीमा त्यसको प्रभावकारी कार्यान्वयन नभएको गुनासो बढेको छ।

अनुगमन समितिका अनुसार सबैभन्दा बढी आचारसंहिता उल्लङ्घनका उजुरी मध्ये प्रमुख राजनीतिक दलका उम्मेदवारहरू विरुद्ध रहेका छन्। उनीहरूविरुद्ध स्वतन्त्र उम्मेदवार, अन्य साना दल र सर्वसाधारण मतदाताले उजुरी दिएका हुन्। हालसम्म लिखित मैखिक र इमेल तथा विभन्न सामाजिक सञ्जाल मार्फत हालसम्म १० वटा उजुरीहरू दर्ता भइसकेका छन्। अनुगमन अधिकृत एवं सहायक प्रमुख जिल्ला अधिकारी पोषनराज भण्डारीका अनुसार परेका उजुरीहरूमाथि छानबिन सुरु भइसकेको छ। "उजुरी दिने बित्तिकै तत्काल कारबाही भइहाल्ने होइन, यसको आफ्नै प्रक्रिया हुन्छ। तर, आचारसंहिता विपरीतका गतिविधि पुष्टि भएमा कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ," भण्डारीले बताउनुभयो। निर्वाचन कानुन अनुसार उम्मेदवारहरूले आगामी फागुन ४ देखि १८ गतेसम्म मात्रै औपचारिक रूपमा चुनावी प्रचारप्रसार गर्न पाउने व्यवस्था छ। तर जिल्लामा उम्मेदवारहरूले यो समयसीमा भन्दा अगावै विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने र मतदाता प्रभावित पार्ने गतिविधि गरेको पाइएको छ । पछिल्ला निर्वाचनहरूको तुलनामा यस पटक आचारसंहितामा कडाइ गरिएको भनिए पनि व्यवहारमा भने उम्मेदवारहरूले नियम मिच्ने क्रम नरोकिएको स्थानीयहरूको बुझाइ छ।

## लुम्बिनीमा तेस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलन हुँदै



रासस/लुम्बिनी २२, माघ । बुद्ध जन्मस्थल लुम्बिनीमा तेस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलन आयोजना हुने भएको छ । लुम्बिनी विकास कोषको आज बसेको परिषद् बैठकले आगामी वैशाख पूर्णिमाका अवसर पारेर लुम्बिनीमा अन्तरराष्ट्रिय बौद्ध सम्मेलन आयोजना गर्ने निर्णय गरेको हो ।

लुम्बिनी विकास कोषका सदस्य सचिव एवं इञ्जिनियर दीपक श्रेष्ठले लुम्बिनीको पर्यटन प्रवर्द्धन तथा पर्यटक आगमन बढाउने उद्देश्यले अन्तरराष्ट्रिय समुदायमा लुम्बिनीको प्रचारप्रसारलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित आगामी वैशाख १६ र १७ गते सम्मेलन आयोजना गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा बसेको बैठकले अन्तरराष्ट्रिय बौद्ध सम्मेलनका लागि मूल आयोजक समारोह समिति गठन गरेको छ ।

समितिको संयोजक लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामा (खेन्पो छिमेछिरिङ) रहने गरी १० सदस्यीय मूल समारोह समिति गठन गर्ने निर्णय गरिएको हो । सरकारले चालु आर्थिक वर्षमा सम्मेलन आयोजना गर्न रु तीन करोड बजेट विनियोजन गरेको छ । यसअघि देशमा भएको राजनीतिक तथा संरचनात्मक परिवर्तनका कारण नोभेम्बरमा आयोजना गर्ने भनिएको सम्मेलन २५७०औँ बुद्ध जयन्तीको अवसर पारेर आगामी वैशाख १६ र १७ गत लुम्बिनीमा गर्ने तयारी कोषका सदस्य सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

बुद्ध धर्म र दर्शनमार्फत विश्व शान्ति प्रवर्द्धन गर्दै दया, करुणा र विश्व बन्धुत्वको भावना फैलाउने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको मूल समारोह समितिका संयोजक डा लामाले जानकारी दिनुभयो । सम्मेलनमा विश्वका ६० भन्दा बढी देशका बौद्ध विद्वान, गुरु, विशिष्ट पाहुना तथा विभिन्न क्षेत्रका महत्वपूर्ण व्यक्तित्वको सहभागिता रहने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

दुई दिनेसम्म सञ्चालन हुने सम्मेलनमा बुद्ध जन्मस्थल लुम्बिनी, कपिलवस्तु तथा बुद्धसँग सम्बन्धित क्षेत्रको सम्पदा, लुम्बिनी क्षेत्रको पर्यावरणीय अवस्था, विश्व बौद्ध सम्पदा, बौद्ध शिक्षा तथा संस्कृतिका विषयमा छलफल र कार्यपत्र प्रस्तुत हुने जनाइएको छ ।

यसअघि भएका आयोजना भएका पहिलो र दोस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलनले नेपालको धार्मिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको लुम्बिनी विकास कोषले जनाएको छ ।

यस पटकको सम्मेलनमा प्रचारप्रसारका माध्यमबाट लुम्बिनीलाई अन्तरराष्ट्रियस्तरमा चिनाउने, संसारभरि बौद्ध धर्मको महत्व बढाउने र लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्य राखिएको विकास कोषका सदस्य सचिव श्रेष्ठले बताउनुभयो ।

## नेपालमा जलपक्षीको संख्या घट्दो



*भीष्मराज ओझा*

रासस/काठमाडौँ, २२ माघ । हरेक वर्ष अङ्ग्रेजी महिना जनवरीको पहिलो शनिबारदेखि १५ दिनसम्म मुलुकभरका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपक्षीको सङ्ख्या, प्रजाति र बासस्थानबारे गणना गरिँदै आइएको छ ।

पछिल्लो तथ्याङ्क अनुसार नेपालमा वर्षेनी जलपक्षीको प्रजाति र सङ्ख्या घट्दो देखिन्छ । गत वर्ष सन् २०२५ को जलपक्षी गणनाबाट प्राप्त तथ्याङ्कअनुसार नेपालमा ९४ प्रजातिका ९६ हजार ५६५ जलपछी अभिलेखिकरण भएको थियो । सन् २०२६ को गणनाबाट ८९ प्रजातिका ९० हजार ६८८ वटा जलपक्षी अभिलेख भएका छन् । त्यस भन्दा पनि अघिका गणनामा एक लाख बढी नै प्रजाति अभिलेख भएका थिए । वाटरल्याण्ड इन्टरनेशनलको सहकार्यमा भारतीय महाद्विपमा एसियास्तरीय जलपक्षी गणना सन् १९८७ देखि सुरु गरिएको हो । गणनालाई सहयोग पुर्याउन नेपालले सन् १९८७ देखि जलपक्षी गणनामा निरन्तर सहभागिता जनाउँदै आएको छ ।

अत्यधिक चिसो हुने रुस, उत्तरी चीन, मङ्गोलिया, साइबेरियालगायतका क्षेत्रबाट जलपक्षी यस याममा अनुकूल तापक्रमको खोजीमा नेपाल आउने गर्छन् । चिसो क्षेत्रबाट हजारौँको सङ्ख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा भारतको राजस्थानसम्म पुग्ने गर्छन् । फर्किँदा भने पाकिस्तान, अफगानिस्तानको बाटो प्रयोग गर्छन् । जलपक्षी गणनाको मुख्य उद्देश्य बसाइँ सराइ गर्ने र पानीमा बस्ने चराको प्रजनन् नहुने समयमा गणना तथा अनुगमन गरी सङ्ख्यासहित सिमसार क्षेत्रको अवस्थाबारे थाहा पाउनु, पानीमा बस्ने चरा र सिमसार क्षेत्रको महत्व, तिनको संरक्षण तथा व्यवस्थापनमा आम नागरिकलाई सहभागी तथा जानकारी गराउनु रहेको छ ।

यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व तथा नेपाल पक्षीविद् सङ्घको संयोजनमा देशभरका १८ प्रमुख सिमसार क्षेत्र र सो अन्तर्गतका ७८ वटा साना क्षेत्रमा जलपक्षी गणना गरिएको नेपाल पन्छिविद् सङ्घका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौडेलले जानकारी दिनुभयो । गणनामा ४११ स्वयंसेवक गणक (कर्मचारी, चराविद, प्रकृतिप्रेमी, स्वयंसेवी, नागरिक वैज्ञानिक)बाट पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङ्कलन गरी विश्व सिमसार दिवस (२ फेब्रुअरी)मा सार्वजनिक गरिएको थियो ।

कार्यकारी निर्देशक पौडेलले भन्नुभयो, "जलपक्षीको सङ्ख्या विश्वमै कम देखिएको छ, नेपालमा पनि सिमसार क्षेत्रमा मानवीय गतिविधि बढेको, पूर्वाधार निर्माण बढेको, मिचाहा प्रजातिले ताल ढाकेको, कृषिमा रसायनिक मल र विषादीको प्रयोग बढेका कारण पनि जलपक्षी यहाँ कम समय व्यतित गर्ने गरेका हुन सक्छन् ।" विगतका वर्षमाझैँ यस वर्ष पनि कोशीटप्पु वन्यजन्तु आरक्ष र यस वरीपरी, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा, रारा राष्ट्रिय निकुञ्ज र सो वरपर, धनुषाधामका तालतलैया र कमला नदी, हेटौँडा, काठमाडौँ उपत्यका, पोखरा उपत्यका, लुम्बिनी क्षेत्र, बिसहजारी ताल, घोडाघोडी ताल, रारा ताल, जगदीशपुर रिजर्भ्वायरलगायतका क्षेत्रमा जलपक्षी गणना गरिएको कार्यकारी निर्देशक पौडेलले बताउनुभयो । जलपक्षी गणनामा विभिन्न राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष/संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय तथा सङ्घ संस्थाको सक्रिय सहभागिता थियो ।

निकुञ्ज विभागका सूचना अधिकारी हरिभद्र आचार्यले नदीनाला, तालतलैया र सिमसार क्षेत्रमा बढ्दो मानवीय गतिविधि तथा बढ्दो विषादी प्रयोगका कारण जलपक्षीको आहारमा कमी आएको बताउनुभयो । "सुरक्षित बासस्थान र आहाराको खोजी जलपक्षीले नयाँ स्थान खोज्ने गरेको हुन सक्छ" उहाँले भन्नुभयो । वरिष्ठ इकोलोजिष्ट आचार्यका अनुसार नेपालमा पछिल्लोपटक मानवीय गतिविधिको अतिक्रमण र जलवायु परिवर्तनका असरले सिमसार क्षेत्रको क्षेत्रफल र गुणस्तर घट्दै गइरहेको छ । सिमसार लाखौँ घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ्ग र बोटबिरुवाका लागि महत्त्वपूर्ण बासस्थान हो ।

सिमसार क्षेत्रमा अव्यवस्थित रूपमा गरिने विकास निर्माणका पूर्वाधार, सिमसार क्षेत्र नजिक बढ्दो जनसङ्ख्या, बढ्दो प्रदुषण, फोहरमैला सोझै नदी र सिमसार क्षेत्रमा विसर्जन गर्ने प्रवृत्तिलगायत चुनौती थपिएको छ । यसले जलपक्षीको बासस्थानको विनाश हुने गरेको पक्षी संरक्षणकर्मी हिरुलाल डगौराले बताउनुभयो । "कृषि बालीनाली अत्यधिक रसायनिक मल र विषादीको प्रयोग तथा माछा मार्न हुने विषादीको प्रयोगले जलपक्षीका आहार कमी आएको छ । आहाराको खोजीमा जलपक्षी अन्यत्र जान सक्छन्," उहाँले भन्नुभयो । पछिल्ला दिनमा सिमसारमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन्, पर्यटन प्रवर्द्धनका नाममा तालतलैयामा डुङ्गा सञ्चालन, भौतिक संरचनाको निर्माण र वनभोजजस्ता पर्यावरण प्रतिकूलतासमेत थपिएका पक्षी संरक्षणकर्मी डगौराको भनाइ छ ।

चराविद्का अनुसार यी जलपक्षी यात्राका क्रममा बाटोमा पर्ने तालमा आराम गर्दै आउँछन् । तर क-याङकुरुङ सारस भने प्रतिकूल मौसमबाहेकको अवस्थामा निरन्तर सयौँ किलोमिटर उडेर यात्रा गर्छ । यी चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म चल्छ । चैतसम्म भने प्रायःचरा आफ्नो स्थायी बसोबासस्थलमा प्रजननका लागि फर्कने गर्छन् । नेपालमा हिउँदमा बसाइँसरी आउने पानी चरामा हाँस, जलेवा, गङ्गा चील आदि प्रजाति पर्छन् ।

(बाँकी ३ पेजमा...)

# सम्पादकीय

## लुम्बिनी प्रदेशलाई समृद्ध बनाउ

*लुम्विनी प्रदेश आफैमा मुल्यवान प्रदेश हो । यस प्रदेशलाई आत्मनिर्भर, प्रभावकारी र जनउत्तरदायी बनाउनु अहिलेको आवश्यकता छ । प्रदेशलाई सक्षम र अधिकार सम्पन्न बनाउने दिशामा प्रदेश सरकार दृढताका साथमा लाग्नु पर्दछ । प्रदेशको दिगो विकास र समृद्धिका लागि सबै पक्ष जिम्मेवार बन्नु पनि उत्तिनै आवश्यक छ । तराई र पहाडका जिल्ला गरी १२ जिल्लालाई आफ्नो क्षेत्रफलमा अटाएको लुम्विनी प्रदेश विकासमुखी अभियानमा अगाडी बढेको प्रदेश पनि हो । लुम्बिनी प्रदेश संवेदनशीलसँगै उत्तीकै राम्रो र आफैमा एतिहासिक छ । त्यसो त सबै पक्ष र तहको आवाज प्रदेशले सुन्नु पर्छ । त्योसँगै लुम्विनी प्रदेशमा इतिहासको कालखण्डमा शासन गर्नेहरूको निर्णयका आधारमा ठाउँहरूको विकास भएको पाइन्छ ।*

*हुन त सङ्घीयताका कारण प्रदेश स्थापना भयो, प्रदेशले गरेका कामहरूको अनुभूति नागरिकहरूले केही हदसम्म गर्न पाएका छन् । प्रदेशलाई सबैको अपनत्व हुने गरि सबै खाले योजना र कार्यक्रमहरुलाई पनि प्रदेश सरकारले उत्तीकैं महत्व दिदैं आएको छ । प्रदेश सरकारले सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार अन्त्यका लागि पाँच वर्षे रणनीतिक योजना बनाएर लागू समेत गरि सकेको छ ।*

*रणनीतिक योजनालाई एउटा दिशामा अवश्य डोर्‍याउँदै लैजाने छ । प्रदेशको काम र जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न प्रदेश सरकार गम्भिर पनि बन्नु पर्दछ । प्रदेशको काम र जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सफल हुनु पनि पर्दछ । समृद्ध र आत्मनिर्भर प्रदेश बनाउन पूर्वाधार तथा मानवीय श्रमशक्तिको विकास अनिवार्य छ । लुम्बिनीलाई समृद्ध र आत्मनिर्भर प्रदेश बनाउन कृषि र पर्यटनलाई केन्द्रमा राखेर योजना बनाउन आवश्यक छ । समृद्धिको कामलाई अघि बढाउन सुशासन चाहिन्छ, त्यस दिशामा प्रदेशले कामको गति बढाउन जरुरी देखिन्छ । त्योसँगै सरकारले निर्माण गरेका कानुनी तथा नीतिगत संरचनाले प्रदेश सरकारको कार्यान्वयन क्षमता बलियो बनाउनु पर्छ ।*

*सङ्घीयताको औचित्य ब्यवहारमा देखिनेगरी नीतिगत सुधार, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन र कृषिलगायत सामाजिक तथा आर्थिक क्षेत्रको सन्तुलित विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राख्नु पर्दछ । यस प्रदेशमा कृषि, पर्यटन, धार्मिक तथा एतिहासिक सम्पदाहरु जहाँ गयो त्यहि भेटिन्छन् । कृषिको आधुनिकरणसँगै यसको सम्मुन्नत विकास, पर्यटनलाई उद्योगका रुपमा विकास गरेर पर्यटकीय आकर्षक गन्तब्य बनाउने र एतिहासिक तथा धार्मिक सम्पदाहरुको प्रचार प्रसार गरेर प्रदेशलाई नै एउटा नमुना आर्थिक समृद्धि सहितको प्रदेशका रुपमा विकास गर्द सक्दछौ । यसकालागि प्रदेश सरकारसँगै सरोकार राख्ने सबै पक्ष एकता र गम्भिरता आवश्यक पर्दछ । सबै मिलेमा लुम्विनी प्रदेश नमुना र समृद्ध प्रदेश बन्ने छ । यसकालागि प्रदेश सरकार, राजनीतिक दल, सामाजिक संघसंस्था, ब्यवसायीक संघसंस्था सबैबिचमा एकता र सहकार्य अहिलेको आवश्यक विषय हो । सबै मिलौ लुम्बिनी प्रदेशलाई समृद्ध बनाउ ।*

# चुनावी घोषणापत्रमा कृषि



डा हरिबहादुर केसी

संवैधानिक व्यवस्था अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुन्छ, जसलाई सङ्घीय संसद् पनि भनिन्छ। यो सङ्घीय संसद् राष्ट्रिय नीति नियम बनाउने सबैभन्दा माथिल्लो थलो हो । यहाँ पुग्ने सांसदहरू मूलतः राज्यका नीतिनियम बनाउने कर्ता हुन् ।

फेरि प्रतिनिध सभाको निर्र्वाचन आएको छ। किसानहरू यो देशको दुई तिहाइ मतदाता हुन् । मुलुकको अर्थतन्त्रको एक चौथाइ योगदान दिने क्षेत्र पनि कृषि हो । किसानकहाँ अहिले उम्मेदवारको लर्को छ । कोही खेतीमा पुगेका छन्, कोही गोठमा पुगेका छन् र पुग्ने पनि छन् । उहाँहरूमा एकछिनको सहयोग वा मिठो वचन मात्र काफी छैन । उहाँहरूमा कम्तीमा पनि राष्ट्रिय उत्पादन बढाई देशलाई कमभन्दा कम आयात गर्ने अवस्थामा कसरी पुर्‍याउने र उत्पादित वस्तु कसरी अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने भन्ने स्पष्ट दृष्टिकोण हुनु पर्छ। उम्मेदवारलाई भोट दिनुअघि उम्मेदवार र उम्मेदवार बनाउने दलको किसान र कृषिप्रतिको विचार र प्रतिबद्धता के छन् भनी जाँचिनु पर्छ । साथै उम्मेदवारले प्रतिनिधित्व गर्ने दलको नीति र प्रतिबद्धता पनि त्यत्तिकै महत्वपूर्ण हुन्छन् । नेपालको कृषि क्षेत्र केही दीर्घ समस्याले लामो समयदेखि ग्रसित छ । ती समस्या दलका विगतका घोषणापत्रमा कि त बेखबर छन् कि तिनलाई ठुलो सैद्धान्तिक जामा लगाएर टारिएका छन् । कृषि क्रान्ति गर्ने भन्यो, वैज्ञानिक भूमिसुधार भन्यो, जसको जोत उसको पोत भन्यो, रासायनिक मल, प्राङ्गारिक रूपान्तरण भन्यो, यस्तै यस्तैमा समय खेर गइरहेको छ । हुन त यी घोषणापत्र सरकारी कार्यक्रम तथा बजेट बनाउँदा खासै महत्व दिए जस्तो पनि लाग्दैन । सरकार अस्थिर हुने, मन्त्री पटक पटक फेरिने र मन्त्रीसँगै सचिवलगायत उच्च नेतृत्वका कर्मचारीको परिवर्तन हुने गरेको छ । साथै नीतिगत अस्थिरताले घोषणापत्रको कार्यान्वयन हुन सकेको छैन । किसानलाई ठुला कुरा होइन, उनीहरूका दैनन्दिन समस्याका समाधानले मह[illegible]व राख्छ । कृषि उत्पादन सामग्रीको सहज पहुँच, प्राविधिक सेवा र उचित प्रविधिमा पहुँच, बाली तथा पशुपन्छी बिमा र कृषि कर्जामा पहुँच, उत्पादित वस्तुको उचित मूल्य र बजार व्यवस्था, किसान र कृषि पेसाको सम्मान जस्ता विषय उनीहरूका चासोका विषय हुन् । हामीले बनाउने कृषि व्यवस्थाले किसानका यी चासो सम्बोधन गरेन भने त्यसले केही माने राख्दैन । त्यसैले दलहरूले बनाउने घोषणापत्रमा भोलि ती दलले सरकार बनाउने अवस्था आउँदा लिने नीति कसरी किसानमैत्री बनाउने भन्ने विषय महत्वपूर्ण हुन्छन् । यसका लागि निम्न तरिका अनपनाउ सकिन्छ ।

कृषि क्षेत्रलाई आवधिक योजनालगायत नीतिमा प्राथमिकता भनिए पनि यसको संरक्षण, विकास र प्रवर्धनमा पर्याप्त ध्यान पुगेको छैन । यो क्षेत्र असाध्यै धेरै क्षेत्रसँग जोडिएको र धेरै सरोकारवालाले ध्यान दिनुपर्ने क्षेत्र भएकाले यसलाई सबैको प्राथमिकताको क्षेत्र मान्नुपर्ने हुन्छ । त्यसैले कृषि क्षेत्रलाई खाद्य सुरक्षा, रोजगारी सिर्जना र आर्थिक विकासको रणनीतिक क्षेत्रको रूपमा लिई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्नु पर्छ । जग्गा बाँझो हुँदै जाने र खेती गर्ने किसानले पर्याप्त जग्गा पाउन नसक्नु आजको भूमि व्यवस्थापनको चुनौती हो । अन्य देशका भूमि बैङ्क कार्यान्वयनका अनुभव हाम्रा लागि पनि भूमि बैङ्क स्थापना र सञ्चालन गर्न सहयोगी हुने छ । साना र मझौला किसानलाई भूमि बैङ्कमार्फत खेती गर्न चाहे जति जग्गा उपलब्ध गराउने व्यवस्था मिलाउन सके कृषि उत्पादन र व्यवसायीकरणमा उल्लेख्य सुधार गर्न सकिन्छ । अर्कोतिर हाम्रो जग्गाको हदबन्दीको दरलाई पुनर्विचार गर्ने समय पनि भइसकेको छ ।

यसै गरी किसानी पेसालाई कृषि उद्यमका रूपमा सम्मानित पेसाको रूपमा पहिचान दिनुपर्ने आवश्यकता छ । यसका लागि खाद्य अधिकार र खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गरी किसानको अधिकार सुनिश्चित गर्नु पर्छ । संसारभरको कृषि क्षेत्र सरकारी अनुदान र सहुलियतमा चलेको सन्दर्भमा नेपालमा पनि अनुदान अपरिहार्य नै देखिन्छ । किसानको वर्गीकरण नहुँदा कृषि क्षेत्रमा दिइएको अनुदान, सहुलियत तथा लगानी प्रभावकारी हुन सकेको छैन । किसानको वर्गीकरण गरी यही आधारमा सेवा सुविधा प्रदान गर्ने व्यवस्था हुनु पर्छ । कृषि क्षेत्रमा सरकारी, निजी, सामुदायिक तथा सहकारी क्षेत्रबाट लगानी पर्याप्त नभएको कुरा त जगजाहेर नै छ । गत वर्ष कृषि लगानी दशक घोषणा गरिए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । कृषि क्षेत्रका लागि तिनै तहका सरकारबाट न्यूनतम प्रतिशत किटान गरी बजेट विनियोजन हुनु पर्छ । त्यसका साथै बाली तथा पशुपन्छी बिमा र सहुलियत कर्जा सुविधा सबै किसानको सहज पहुँचमा पुग्ने गरी व्यवस्थित गर्नु पर्छ । कृषि क्षेत्रबाट युवा टाढा भइरहेको सन्दर्भमा कृषिमा युवाको आकर्षण बढाउन यस क्षेत्रमा यान्त्रिकीकरणको प्रवर्धन र प्राविधिक सेवालाई डिजिटलाइज गर्न पर्छ । युवालाई सुरुवाती पुँजी, कृषि व्यवसाय सञ्चालन तालिम, सहुलियत कर्जा र बजारमा पहुँच विस्तार गरी व्यवसाय विकास र उचित मूल्यको सुनिश्चितता गर्न सकियो भने मात्र युवालाई कृषि क्षेत्रमा आकर्षण गर्न, टिकाउन र भविष्यको कृषि जोगाउन सकिन्छ ।नीतिगत रूपमा नै जलवायु अनुकूलित र प्रकृतिसम्मत खेती प्रणालीको अवलम्बन गर्ने कृषि व्यवस्था स्थापित गर्नु पर्छ । दिगो कृषि व्यवस्थाका लागि रासायनिक पदार्थमाथिको परनिर्भरता प्रतित्युत्पादक हुने हुँदा यसको प्रयोग क्रमश घटाउँदै लाने र स्वच्छ खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गर्नु वाञ्छनीय हुन्छ। सम्भाव्यताका आधारमा कृषि क्षेत्रलाई ‘जोनिङ’ गरी प्राङ्गारिक कृषि उत्पादन क्षेत्र क्रमशः बढाउँदै लैजाने नीति लिई प्रकृतिसम्मत वा प्राङ्गारिक उत्पादन गर्ने किसानलाई उत्पादन क्षेत्रफलका आधारमा अनुदान उपलब्ध गराउन सकियो भने भविष्यमुखी कृषि व्यवस्था बनाउन सकिन्छ ।

यस्तै नेपालको संविधानले व्यवस्था गरेबमोजिम कृषि क्षेत्रको सेवा प्रवाह मूलतः स्थानीय तहको अधिकार क्षेत्र हो । हाल स्थानीय तहमा यस कार्यका लागि क्षमता पर्याप्त छैन । त्यसैले कृषि सेवा प्रवाहको स्थानीयकरण गर्ने र स्थानीय तहलाई कृषि पूर्वाधार विकास, कृषि प्राविधिक सेवा, कृषि उत्पादन सामग्री, कृषि बिमा, कर्जा र कृषिलगायत सेवा सुविधा प्रवाहका लागि सक्षम बनाउन नितान्त आवश्यक छ । यसका लागि घर घरमा प्राविधिक सेवा पुर्‍याउने गरी जनशक्ति व्यवस्था गर्नु पूर्वसर्त हो । स्थानीय उत्पादनको संरक्षण र प्रवर्धन, स्थानीय बजार विकास र स्थानीय वस्तुको उपभोगमा प्राथमिकतामार्फत स्थानीय कृषिलाई समृद्ध बनाउन सकिन्छ । सिँचाइ, कृषि बजार संरचना, भण्डार गृह, कृषि सडकलगायतका कृषि पूर्वाधारको विकास नभई कृषि क्षेत्रले फड्को मार्न सक्दैन । कम्तीमा पाँच वर्षमा सम्भाव्य सिँचाइयोग्य सबै जग्गामा सिँचाइ सुविधा पुर्‍याउने गरी काम गर्न सक्नु पर्छ । सिञ्चित क्षेत्र भयो भने मात्र बाली सघनता वृद्धि र कृषि व्यवसायीकरण हुन सक्छ ।

कृषि उपजको बजारीकरण र निर्यातमा सहजीकरण गर्नु पर्छ । निर्यातयोग्यकृषि (बाँकी ३ पेजमा...)

# स्थानीय तहमा लैङ्गिक समानता



विष्णुकुमारी लामिछाने

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सबै लिङ्ग र वर्गको सामाजिक पहिचानलाई तटस्थ रूपमा हेरी सबैका लागि समान अधिकार, अवसर तथा सम्मानलाई सुनिश्चित गर्ने अवधारणा हो । महिला तथा पुरुषबिच एवं विभिन्न सामाजिक समूहबिचको असमान शक्ति सम्बन्धलाई परिवर्तन गर्नमा यसले जोड दिन्छ । स्थानीय तहमा लैससास नीति, रणनीति, योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास कसरी भइरहेको छ सोको प्रभावकारिता मापनका लागि लैससास परीक्षण गरिन्छ।

नागरिकका लागि सबैभन्दा नजिकको शासकीय संरचना नै स्थानीय तह हो। त्यसैले नागरिकका हरेक आवश्यकतासँग स्थानीय सरकार जोडिएको हुन्छ। मनोमानी तवरले नभई स्थानीयबासीका आवश्यकतामा आधारित रहेर नीति तर्जुमा, योजना तथा बजेट निर्माण, कार्यान्वयन, अनुगमन मूल्याङ्कन एवं पृष्ठपोषण प्राप्त गर्ने र पुनः सुधारका पहल गर्ने स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूल मर्म आत्मसात् गर्न सक्छन् । पछाडि परेको वर्ग, लिङ्ग, जातजातिलगायत सबैका लागि समतामूलक प्रयासमार्फत समानतातर्फ डोर्‍याउन स्थानीय तहले लैससासको अवधारणालाई आत्मसात् गरी शासकीय अभ्यास गर्नुपर्ने हुन्छ।

नेपालको संविधानको धारा १८ मा समानताको हक अन्तर्गत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिकतथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सकिने उल्लेख गरिएको छ । समतामूलक समाज निर्माण गर्ने सङ्कल्पसहित मौलिक हकको व्यवस्था, सकारात्मक विभेद तथा समानुपातिक समावेशी प्रतिनिधित्वलाई आत्मसात् गर्ने संवैधानिक मर्म रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (ग) विकास कार्य अन्तर्गत बुँदा नं. ३० मा वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिकरआर्थिकउत्थानसम्बन्धी काम गर्ने उल्लेख छ । त्यसै गरी बुँदा नं. ३१ मा विभिन्न समुदायबिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने र बुँदा नं. ३२ मा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी तोकेको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने रणनीति पूरा गर्न सार्वजनिक नीति निर्माण, कार्यान्वयन तथा लाभको बाँडफाँटमा महिला सशक्तीकरणको विषय, बजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवम् लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयनसमेतलाई विश्लेषण गर्न लैङ्गिक परीक्षण कार्यको थालनी गरिने नीति तथा कार्यनीति लिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ तर्जुमा गरेको छ । यस दिग्दर्शनले लैससास परीक्षणका लागि पाँच वटा मुख्य शीर्षक, जसमा पहिलो नीति, कानुन योजना, दोस्रो संस्थागत व्यवस्था, तेस्रो मानव संशाधन तथा क्षमता विकास, चौथो सेवा प्रवाह र पाँचौँ सुशासन तथा उत्तरदायित्व तोकेको छ। यी पाँच शीर्षक अन्तर्गत २२ उपशीर्षक र उपशीर्षक अन्तर्गत १ अङ्कभारका एक सय सूचक तय गरिएका छन्।

सबै सूचकको समग्रमा ८० अङ्क वा सोभन्दा बढी आएमा सर्वोत्तम, ६० वा सोभन्दा बढी र ८० भन्दा कम आएमा उत्तम, ४० वा सोभन्दा बढी र ६० भन्दा कम आएमा सामान्य र ४० भन्दा कम आएमा कमजोर हुने गरी समग्र मूल्याङ्कनको अवस्था तथा परिणामको निर्क्योल गर्नुपर्ने व्यवस्था गरिएको छ । यो मूल्याङ्कन तथा परिणामले स्थानीय तहले गरेका असल अभ्यासको उजागरसँगै आगामी दिनमा गर्नुपर्ने सुधारलाई प्रस्ट पार्न मद्दत गर्छ । नियमित रूपमा लैससास परीक्षण हुन सकेमा अवस्थाको मूल्याङ्कन, क्रमिक रूपमा सुधार हुन सके नसकेको र नसकेको भए के कारणले सुधार गर्न नसकिएको हो, सो विषयमा सरोकारवालालाई जानकारी हुनुका साथै सुधारका लागि पहल गर्न सहजता हुन्छ।

राज्यका हरेक तह र तप्काबाट प्रशासनिक र पुँजीगत शीर्षकमा बढी विनियोजन हुँदै आएको सन्दर्भमा लैससास परीक्षणले सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्रोत्साहन गर्छ । स्थानीय तह पूर्वाधार विकासमा बढी केन्द्रित हुँदा सामाजिक विकास ओझेलमा परेको तितो अनुभव त हामीसँग छँदै छ। विगतमा स्थानीय निकायमा हुने योजना तर्जुमामा बजेटको निश्चित प्रतिशत लक्षित वर्गमा छुट्याउनै पर्ने बाध्यकारी व्यवस्था हालका स्थानीय तहमा नभएको सन्दर्भमा लैससास परीक्षणलाई अनिवार्य र प्रभावकारी बनाउन सकेमा लैङ्गिक तथा सामाजिक संवेदनशीलता अभिवृद्धि गर्न सकिन्छ।

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (बाँकी ३ पेजमा...)

## अन्तर्राष्ट्रिय समाचार

### इरानले आज ओमानमा अमेरिकासँग आणविक वार्ता गर्ने

एजेन्सी/इरान, २२ माघ । इरानले आज ओमानमा अमेरिकासँग आणविक वार्ता गर्ने इरानी सञ्चारमाध्यमले जनाएका छन् । इरानको तस्निम समाचार एजेन्सीका अनुसार इरान र अमेरिकाबीच अप्रत्यक्ष वार्ता आज ओमानको मस्कटमा हुने र वार्ता आणविक मुद्दा र इरानमाथिको प्रतिबन्ध फुकुवामा मात्र सीमित हुनेछ ।

इरानी प्रतिनिधिमण्डलको नेतृत्व विदेशमन्त्री अब्बास अराघचीले गर्ने र इरानी प्रतिनिधिमण्डलमा वरिष्ठ कूटनीतिज्ञहरू माजिद तख्त-भाभान्ची र काजिम घारिबादी पनि रहने खबरमा उल्लेख छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुश्नर पनि वार्तामा सहभागी हुन सक्ने अमेरिकी कूटनीतिज्ञ स्टिभ विटकोफले बताउनु भएको छ ।

इरानमा शान्तिपूर्ण विरोध प्रदर्शनको रूपमा शुरू भएको आन्दोलन अमेरिका र इजरायलले भड्काएपछि दङ्गामा परिणत भएको इरानी अधिकारीहरूको भनाइ छ । अमेरिकाको गैरसरकारी संस्था ह्युमन राइट्स एक्टिभिस्ट न्युज एजेन्सीले आन्दोलनमा ६ हजार ८ सय ७२ प्रदर्शनकारीको ज्यान गएको पुष्टि भएको जनाएको छ ।

# बुटवलमा आइकार भी २३ को विक्रि वितरण शुभारम्भ



तिलोत्तमा/बुटवल, २२ माघ । सिद्धि विनायक मोटर्स प्रालिले बहुप्रतिक्षित आइकार भी २३ गाडी बुटवलमा सार्वजनिक गरेको छ । बुटवल कालिकानगरमा रहेको ओमोडा एण्ड जेको शोरुममा सिद्धि विनायकले बिहीबार आइकार भी २३ गाडीको विक्रि वितरणको शुभारम्भ गरेको हो । सिद्धि विनायकका कार्यकारी निर्देशक सुरज क्षेत्री, चेरी अटोमोवाइल्सका क्षेत्रीय प्रवन्धक विशेष दाहाल र प्रवन्धक राजिव खनालले संयुक्त रुपमा गाडीको बुटवलमा सार्वजनिक गर्नु भएको हो ।विद्युतीय आइकारले यस क्षेत्रमा भित्रिएसँगै प्रदेशमा उच्च प्रदर्शन देखाउने र जीवनशैलीमा आधारित विद्युतीय सवारी साधनको विस्तारमा एक महत्वपूर्ण कोशेढुङ्गा थपिएको क्षेत्रीले बताउनुभयो। सार्वजनिक गरिएको आइकार भी २३ गाडीको मूल्य ४९ लाख ९९ हजार रुपैयाँ रहेको प्रालिले बताएको छ। वैश्विक दर्शन अन्तर्गत डिजाइन गरिएको गाडी एक रेट्रो प्रेरित, पूर्ण विद्युतीय अफ-रोड एसएभी हो । यसको ग्राउण्ड क्लिरियन्स २१० एमएम रहेकाले नेपालको अफरोड र इनरोड दुबैमा सहजताले चलाउन मिल्ने कम्पनीले दावी गरेको छ । परम्परागत पेट्रोल गाडीहरूको एक दिगो र स्टाइलिश विकल्पको रूपमा आइकार भी २३ गाडीलाई प्रस्तुत गरिएको क्षेत्रीको भनाइ छ। एसपीजि अटोमोवाईल्सले नेपालमा यि गाडी भित्राएको हो भने सिद्धि विनायक मोटर्सले बुटवल र भैरहवामा भित्राएको प्रवन्धक राजिव खनालले बताउनुभयो। यसैबीच प्रालिले बुटवलमा माघ २३ गतेदेखि एक्सचेन्ज मेला राखेको र मेलामा विशेष छुट र सुविधाहरु समेत राखिएको प्रवन्धक खनालले बताउनुभयो।

# सरकारले उत्पादनमुखी नीति ल्याउन आवश्यक

तिलोत्तमा/मणिग्राम २२ माघ, । सरकारले उत्पादन र निर्यातमुखी सशक्त नीति लिएको खण्डमा नेपालमा उद्योगको राम्रो सम्भावना रहेको रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसमा उद्योगीहरूले निष्कर्ष निकालेका छन् ।रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसमा इण्डष्ट्रि-एकेडेमिया टक (उद्योगीसँग प्राज्ञिक बहस) का सहभागीले यस्तो निष्कर्ष निकालेका हुन् । 'अण्डरस्ट्याण्टिङ् बिजनेस थ्रु डायलग' अर्थात् संवादमार्फत् व्यवसाय बुझ्ने उद्देश्य सहित सञ्चालित कार्यक्रममा उद्योगी, प्राध्यापक र विद्यार्थीबीच प्राज्ञिक-व्यवहारिक विमर्श भएको थियो ।

क्याम्पसको व्यवस्थापन तथा अर्थशास्त्र विभागले आयोजना गरेको कार्यक्रममा उद्योगीद्वयः एस आर ग्रुप इण्डष्ट्रिजका प्रबन्ध निर्देशक सुरज उप्रेती र दुर्गालक्ष्मी इञ्जिनियरिङ् एण्ड अल्मुनियम इण्डष्ट्रिजका प्रबन्ध निर्देशक माधव रेग्मीले औद्योगिक जगतका आफ्ना अनुभव तथा सम्भावना सहित छलफल गर्नुभएको थियो ।

सोही अवसरमा पेशाले उद्योगी समेत रहनुभएका राममणि बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुवकुमार धितालले अध्ययन, सोच र आँट भएमा औद्योगिक यात्रा सफल हुने बताउनुभयो ।वृत्तिउन्मुख सिकाइका लागि क्याम्पसले प्रयोगात्मक प्राज्ञिक कार्य गर्दै आएको क्याम्पस प्रमुख ताराप्रसाद पराजुलीले बताउनुभयो ।

व्यवस्थापन तथा अर्थशास्त्र विभागका संयोजक जगन्नाथ बस्यालको अध्यक्षतामा भएको कार्यक्रममा सहायक क्याम्पस प्रमुख खुमकान्त पाण्डे, व्यवस्थापन विभागका संयोजक राजेन्द्र थापा, पूर्व क्याम्पस प्रमुख मोहनराज शर्मा लगायत प्राध्यापक, एम.बी.एस्. तथा बी.बी.एस्.का विद्यार्थी लगायतको उपस्थिति थियो ।

## मदाने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पुर्कोट दह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्रको आशयपत्र सुचना

*सुचना प्रकाशित मितिः २०८२/१०/२३*

यस गाउँपालिका कार्यपालिकाको कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल तालिका अन्तर्गतका कार्य गर्नको लागि मिति २०८२/०९/०२ प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित वोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| S. N. | Contract ID. | Description of Work | Construction Company | Bid Amount |
|---|---|---|---|---|
| 1 | OMDRM-GUL-NCB-G-01-2082/83 | Procurement and Supply Of Medicinal Item For Madane Rural Municipality | Chunchun Pharmacy, Pokhara-10, Ramghat | 1965285.15 |

***Chief Administrative Officer***

# स्थायी...

(व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ मा मूल्याङ्कनको सामाजिक विकास विषय क्षेत्र अन्तर्गत सामाजिक समावेशीकरण र संरक्षण उपक्षेत्रको लैङ्गिक समानता र समावेशीकरण सूचकमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको उपसूचकका लागि ०.४ अङ्कभार तोकेको छ।

यस मूल्याङ्कन प्रणालीले पनि स्थानीय तहमा लैससास परीक्षण गर्नुपर्ने विषयलाई इङ्गित गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा स्थानीय तहमा हुने नीति तथा कानुन निर्माण, सुशासन, उत्तरदायित्व र जवाफदेहिता, विषयगत क्षेत्र, अनुगमन मूल्याङ्कनदेखि समन्वय र सम्बन्ध विस्तारसम्मका सम्बन्धित गतिविधिमा लैससासप्रतिको गाम्भीर्यता कति रहेको छ भन्ने विषयलाई मिहिन तरिकाले विश्लेषण गरिन्छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अलग राखेर हेर्ने, बुझ्ने र व्याख्या गर्ने परिपाटी अझै पनि रहेको छ।

महिला वा पछाडि परेका समुदायका लागि वार्षिक रूपमा एकाध कार्यक्रम सञ्चालन गरेमा लैससासको मूल मर्मलाई आत्मसात् गरिएको मान्ने प्रचलन नभएको होइन।

यस्तो परिवेशमा नीति निर्माणदेखि अनुगमन, मूल्याङ्कनसम्मका सबै चरण सँगै पूर्वाधार विकास, सामाजिक विकासदेखि सार्वजनिक सेवा प्रवाहलगायत सबै कार्यमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई अभिन्न अङ्गको रूपमा हेर्नु पर्छ भन्ने सुझबुझको विकास गर्नु निकै चुनौतीपूर्ण रहेको देखिन्छ।

स्थानीय तहबाट सञ्चालन हुने हरेक गतिविधिलाई लैससासको अवधारणाबाट संस्थागत गर्दै लाभको बाँडफाँटमा महिला, अपाङ्गता भएका, लक्षित वर्ग व्यक्ति तथा समुदायको पहुँच अभिवृद्धि गरी समावेशीकरण, सशक्तीकरण र मूल प्रवाहीकरण गर्दै जाने नीति अवलम्बन गर्नु पर्छ।

हरेक स्थानीय तहका विपन्न तथा लक्षित वर्ग एवं महिलाको समस्या, सवाल तथा चुनौती फरक फरक हुन सक्छन्, तिनीहरूको छलफल, लेखाजोखा र विश्लेषण गरी आवश्यकता र उपलब्धता अनुसार नीति, योजना, बजेटलगायत कार्यक्रममा सम्बोधन गर्दै जानुपर्ने हुन्छ।

सुधारको विकल्प सुधार नै भएको हुँदा महिला, दलित, अपाङ्गता भएका, विपन्नलगायतका लक्षित वर्गको क्षेत्रमा गरेका प्रयासको मूल्याङ्कन गर्दै गर्नुपर्ने बाँकी विषयमा जानकार एवं संवेदनशील भई निरन्तर सुधारका लागि स्थानीय तहले लैससास परीक्षण गर्नुपर्ने विषयलाई अनिवार्य बनाउन जरुरी देखिन्छ।

गोरखापत्रबाट।

## Sandhikharka Municipality
## Office of Municipal Executive

Sandhikharka, Arghakhanchi

## Invitation for Bids

***Date of publication: 2082/10/23***

1.Sandhikharka Municipality invites sealed bids from Nepalese eligible bidders for the following Construction works.

| Contract ID | Descriptions of Work | Estimate Amount (exclusive of Vat) | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period | Bid Purchased date | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| SQ/SM/R/P/ 29/2082/83 | Khanchikhola Panchase Sadak Dhalan & Road Upgrading Ward No -7 (2nd Phase) | 972410.95 | 1000.00 | 30000.00 | 75 days | 2082/11/08 office hours | 2082/11/10 12:00 hours | 2082/11/10 13:00 hours |

2. A complete set of Bidding Documents may be purchased from the office Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration,Vat egistration and Tax clearance up to valid for F/Y 2081/082.
Information to deposit the cost of bidding document in Bank:
Name of Office: Sandhikharka Municipality
Name of the Bank: Rastriya Banijaya Bank
Office Account no.: (Internal Revenue ) 3050100301010002 ( for Bid Purchase)
Office Account No. (Dharauti ) 3050100301010002 (for Bid Security)
3. rther information at the office of Sandhikharka municipality, Sandhikharka Arghakhachi or contact 077-420112 e-mail: Sandhikharkamunicipality@gmail.com .
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

***Chief Administrative Officer***

# चुनावी...

उपजको व्यावसायिक उत्पादनमा प्रोत्साहन गर्न आवश्यक छ। हाम्रा उत्पादन प्रतिस्पर्धी बनाई उचित मूल्य पाउने अवस्था बनाउन कृषि क्षेत्रलाई पर्याप्त संरक्षण जरुरी छ । स्थानीय कृषिवस्तु उत्पादनमैत्री हुने गरी कर र भन्सारका दर निर्धारण हुनु पर्छ । मुख्य मुख्य कृषि वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण र सोको प्रभावकारी कार्यान्वयन अर्को आवश्यकता छ।

कृषि उत्पादनलाई उद्योगमा जोड्ने प्रभावकारी नीति आवश्यक छ । भूमि बैङ्क वा जग्गा चक्लाबन्दीको माध्यमबाट वा सहकारी खेतीका माध्यमबाट ठुला क्षेत्रफलमा उद्योगका लागि पुग्ने परिमाण उत्पादनका लागि आवश्यक सहजीकरण हुन सके मात्र कृषि औद्योगीकरण सम्भव हुन सक्छ। यसका लागि उपयुक्त नीतिगत व्यवस्था र कार्यक्रमगत प्राथमिकता जरुरी छ।

माथि उल्लिखित विषयका साथै मल, विषादी, बिउ तथा बिरुवा, कृषि औजार, भ्याक्सिनलगायतका कृषि सामग्री उत्पादन वा आपूर्र्ति व्यवस्थापन, कृषि सामग्री र कृषि उपजको नियमनलगायतका कार्यको व्यवस्थापनमार्फत कृषि क्षेत्रलाई उन्नत बनाउन सकिन्छ। राज्यको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको यो क्षेत्रलाई सबल बनाउन चुनावी घोषणापत्रमा दलहरूको पर्याप्त प्राथमिकता पक्कै पर्ने छ। कृषि क्षेत्रको समस्याबारे दलका विगतका घोषणापत्रमा कि त बेखबर छन् कि तिनलाई ठुलो सैद्धान्तिक जामा लगाएर टारिएका छन्।

कृषि क्रान्ति गर्ने भन्यो, वैज्ञानिक भूमिसुधार भन्यो, जसको जोत उसको पोत भन्यो, रासायनिक मल, प्राङ्गारिक रूपान्तरण भन्यो, यस्तै यस्तैमा समय खेर गइरहेको छ।

## प्रोभिजनल सर्टिफिकेट हराएको सूचना

*मिति २०८२/०९/१० गते बुटवलबाट बागलुङ्ग जाने क्रममा मेरो **प्रोभिजनल सर्टिफिकेट** हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।*

**नामः** ज्योती अडाइ
**रजिष्ट्रेशन नं.** : 804450410021
**सिरियल नं.** P 1155723 ( शिवालय मावि अधिकारी चौर बागलुङ्ग)

Shreedhar Pokhrel 9857023647
Sahja Worldwide Courier
Butwal-6, Traffic chowk, Nepal
071-537182/ 9866147750
sajhaworldwidecourieroffice@gmail.com
Our International Service
DHL EXPRESS
aramex delivery unlimited
FedEx Express
SKYNET WORLDWIDE EXPRESS
राष्ट्रिय अन्तर्राष्ट्रिय कुरियर तथा कार्गो सेवा

ट्वाईलेट सफा गराउनुहोस्
के तपाईको घरको सिट, नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।
ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर
मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३
हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं ।

## प्रहरी

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| प्रहरी चौकी गल्याङ | ०६३-४६०१९९ |
| ई.प्र.का.लुम्बिनी | ५८०१७१ |
| ई.प्र.का.,लुम्बिनी | ०७१-४०४०३२ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

## एयरलाइन्स

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

## अस्पताल

| | |
|---|---|
| लुम्बिनी अ.अस्पताल | ५४०२००,५४०२०१ |
| भीम, भैरहवा | ५२०११३ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| मर्सिसिटी हस्पिटल, बुटवल | ०७१-५५३८०५ / ०७१-५०३१०५ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

## दमकल

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

## एम्बुलेन्स

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा | ९८४७०२५६९७ |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ, भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति, भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाई क्लब, कपिलवस्तु: | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा, लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |

# निर्वाचन प्रचार–प्रसार खर्च अनिवार्य बैंक खातामार्फत गर्नु : आयोग




रासस/काठमाडौँ, २२ माघ । निर्वाचन आयोगले आमनिर्वाचनका क्रममा हुने राजनीतिक दल तथा उम्मेदवारको प्रचार-प्रसार खर्चलाई पूर्ण रूपमा बैङ्किङ प्रणालीमा आबद्ध गराउने उद्देश्यसहित 'निर्वाचन प्रचार-प्रसार बैङ्क खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' जारी गरेको छ । आयोगको यही माघ २० गते बसेको बैठकले उक्त कार्यविधि स्वीकृत गरेको हो । निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ र दफा ५०, निर्वाचन आचारसंहिता, २०८२ को दफा १६, आयोगको माघ ८ को निर्णय तथा नेपाल राष्ट्र बैङ्कले माघ १२ मा जारी गरेको निर्देशनका आधारमा यो कार्यविधि ल्याइएको आयोगले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्था नियमन विभागले बैङ्किङ कारोबार गर्न इजाजत प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशनअनुसार निर्वाचनसम्बन्धी आर्थिक कारोबारलाई पारदर्शी र अनुशासित बनाउने लक्ष्य राखिएको छ ।आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका स बै राजनीतिक दल, ती दलबाट प्रतिनिधित्व गर्ने उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले प्रचार-प्रसारका लागि प्राप्त गर्ने आर्थिक सहयोग, चन्दा तथा सम्पूर्ण खर्च यही विशेष बैङ्क खातामार्फत गर्नुपर्नेछ । नगद कारोबारलाई निरुत्साहित गर्दै सबै आम्दानी-खर्चको स्पष्ट अभिलेख राख्न यो व्यवस्था गरिएको जनाइएको छ । कार्यविधिअनुसार राजनीतिक दलहरूले निर्वाचन प्रचार-प्रसारका लागि बैङ्क खाता खोल्न निर्वाचन आयोगको सचिवालयबाट सिफारिस लिनुपर्ने छभने उम्मेदवारहरूको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस गरिने व्यवस्था गरिएको छ ।

सिफारिसका आधारमा मात्र तोकिएका बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्न पाइनेछ । खाता सञ्चालन, कारोबारको सीमा, विवरण पेस गर्ने प्रक्रिया तथा अनुगमनसम्बन्धी प्रावधानहरू पनि कार्यविधिमा समेटिएका छन् । निर्वाचन आयोगले मातहतका सबै निर्वाचन कार्यालय, बैङ्क तथा वित्तीय संस्थाहरूलाई कार्यविधिअनुसार आवश्यक काम कारबाही गर्न निर्देशन दिएको छ । साथै, राजनीतिक दल, तिनका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूलाई समेत यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्रिय सहयोग, समन्वय र सहजीकरण गर्न आग्रह गरिएको छ । आयोगले निर्वाचन प्रचार-प्रसार खर्चलाई आधुनिक बैङ्किङ प्रणालीसँग जोडेर सुसंस्कृत व्यवहारको थालनी भएको उल्लेख गर्दै यसले निर्वाचन प्रक्रियाप्रति जनविश्वास बढाउने दाबी गरेको छ ।आयोगको यो कदमलाई निर्वाचन खर्च व्यवस्थापनमा सुधारतर्फको महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ ।


## झिमझिमियाँ भुल्केपानी सामुदायिक वन उपभोक्ता समूह

सैनामैना १०, झिमझिमियाँ, रूपन्देही

### काठ. दाउरा लिलाम सम्बन्धि सुचना

*दोस्रो पटक प्रकाशन मितिः २०८२/१०/२३*

यस झिमझिमियाँ भुल्केपानी सा.व.उ.समूहको आ.व. २०८१/०८२ मा संकलन भएका र सालझण्डी सुगुरेढुङ्गा सडक खण्ड आयोजनाबाट हस्तान्तरण भई घाटगद्धीमा रहेका श्री डिभिजन वन कार्यालय रूपन्देहीको मिति २०८२/१०/०६ च.न.१२२० की लिलाम बिक्रि सहमति अनुसारको सालकाठ, असना र अन्य बिभिन्न प्रजातिका गोलिया काठ १९६३८.५६ क्युफुट र २३ चट्टा दाउरा समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै स्वर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा समूहको कार्यालय वा डिभिजन वन कार्यालय रूपन्देही बाट काठ व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति वा सस्थाले शिलबन्दी बोलपत्र स्वरिद गरि दाखिला गर्नुहुन अनुरोध गरिन्छ ।

**श्री राम प्रसाद भट्टराई**
का.स.
९७४८८०१३०४

**श्री कुल बहादुर घर्ती**
अध्यक्ष
९७६३६५२३४२







# मतदाताले उम्मेदवारसँग सुकुम्बासी समस्या समाधानको माग दोहोऱ्याए

तिलोत्तमा/बुटवल, २२ माघ । रुपन्देहीको क्षेत्र नं. ५ का मतदाताले भोट माग्न आउने उम्मेदवारसँग यसअघि जस्तै अहिले पनि सुकुमवासी समस्या समाधानको माग दोहोऱ्याएका छन् । यसअघिको निर्वाचनमा पनि यस क्षेत्रका मतदाताले सुकुमवासी समस्या समाधान गरी लालपुर्जा दिलाउने उम्मेदवारलाई भोट दिने प्रतिबद्धता जनाएका थिए । मत दिएका उम्मेदवार जितेर गए, फर्केर आएनन् यो अवधिमा समस्या समाधान हुनेभन्दा झन् थपिँदै गएको यहाँका मतदाताको गुनासो छ ।

रुपन्देही-५ का मतदाता भन्छन्, "अहिले फेरि उम्मेदवार जनताको घरदैलोमा आएका छन्, फेरि पनि उम्मेदवारले लालपुर्जा दिने आश्वासन बाँडेका छन् तर हामी भने अब वाचा कबुल गर्नेलाई मात्रै मत दिन्छौँ ।"

रुपन्देहीमा सबैभन्दा धेरै सुकुमवासीको बस्ती रहेको क्षेत्र कञ्चन गाउँपालिका हो । यो गाउँपालिका रुपन्देही-५ मा पर्छ । यही पालिकामा मात्रै २० हजारभन्दा बढी सुकुमवासीको सङ्ख्या छ । यो क्षेत्रबाट नेपाली कांग्रेसका उम्मेदवार भरतकुमार शाहले यहाँको सबैभन्दा ठुलो समस्या सुकुमवासीको रहेको बताउँदै आफू यही एजेन्डा लिएर मतदाताको घरदैलोमा पुगिरहेको बताउनुभयो । नेकपा (एमाले) बाट पहिलो पटक खिमलाल भट्टराई उम्मेदवार बन्नुभएको छ । उहाँले मतदाताको सबैभन्दा मुख्य समस्या सुकुमवासी समस्या भन्दै लालपुर्जाको आशा गरेकाले आफू निर्वाचित भए सुकुमवासी समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभयो । रुपन्देहीको कञ्चन-४, धवलागिरि चोकका रमेश न्यौपानेले आफूहरूले बसौँदेखि जोतभोग गरेको जग्गाको लालपुर्जा नपाउँदा ठुलो समस्या भोग्नु परेको बताउनुभयो । रुपन्देही-५ बाट यस पटक कांग्रेसबाट भरतकुमार शाह, एमालेबाट खिमलाल भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट तौफिक अहमद खान, नेपाली कम्युनिस्ट पार्टीबाट मोहम्मद वकिल मुसलमान, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मीनप्रसाद घिमिरेलगायत स्वतन्त्र गरी २५ जना चुनावी प्रतिस्पर्धामा छन् ।ती सबै उम्मेदवारसंग मतदाताले बर्सौं अघिदेखि भोगचलन गरिँदै आएको जग्गाको कानुनी प्रक्रिया पुऱ्याएर लालपुर्जा दिलाउन पहल गर्न माग गरेका छन् ।

स्थानीय सीताराम पङ्गेनीले जग्गाधनी पुर्जा नहुँदा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नपाइँदा छोराछोरी विदेश पठाउन तथा केही आयआर्जनको काम गर्नसमेत नपाएको गुनासो गर्नुभयो । बर्सौंदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्व नहुँदा गरिबीको समस्या भोग्नु परेकाले तत्काल कानुनी प्रक्रियाबाट जग्गा धनीपुर्जा उपलब्ध गराउनका लागि पहल गर्न सुकुमवासीको माग छ ।

# दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि समायोजन गर्न निर्देशन

रासस/काठमाडौँ, २२ माघ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोग्य वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धि समायोजन गर्न उत्पादक, पैठारीकर्ता र वितरकलाई निर्देशन दिएको छ ।

विभागले प्रेस विज्ञप्ति जारी गर्दै बजारमा अनावश्यक मूल्यवृद्धि नियन्त्रण गरी प्रतिस्पर्धी र स्वच्छ बजार व्यवस्था कायम गर्न निर्देशन दिएको हो ।"खाद्यान्न तथा तेल उत्पादन गर्ने प्रमुख उत्पादक, प्रमुख पैठारीकर्ता र वितरकहरूलाई बोलाई अनुचित नाफा नलिई आफ्ना वस्तु वा सेवा उपलब्ध गराउन तथा अस्वाभाविक मूल्यवृद्धिलाई समायोजन गरी उपभोक्तालाई राहत दिन निर्देशन दिइएको छ", विज्ञप्तिमा भनिएको छ ।

विभागले पछिल्लो समय खानेतेल, ग्यास, चामललगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा अस्वाभाविक मूल्यवृद्धि र आपूर्तिमा कमी आएको भन्दै उपभोक्ता तह तथा सार्वजनिक सञ्चारमाध्यमबाट आएका गुनासाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ अनुसार उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न विभाग निरन्तर प्रयत्नशील र प्रतिबद्ध रहेको विभागले स्पष्ट पारेको छ । यसका लागि अत्यावश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, विक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म तथा प्रतिष्ठानहरूमा अन्य निकायको सहयोगमा संयुक्त अनुगमन भइरहेको छ ।

# उद्योग व्यापार संघ बुटवलद्वारा कार्ययोजना पारित

तिलोत्तमा/बुटवल, २२ माघ। उद्योग व्यापार संघ बुटवलले वार्षिक कार्ययोजना कार्यशालामार्फत विभिन्न योजनाहरु पारित गरेको छ। चितवनको सौराहामा सम्पन्न कार्यशालाले आगामी दुई वर्षदेखि दश वर्षसम्म गर्न सकिने योजनाहरु छनोट गरी पारित गरेको हो।

जस अनुसार स्वाधिन अर्थतन्त्रको लागि राष्ट्रिय औद्योगिकरण तथा व्यापार विविधिकरण भन्ने मुल नारालाई आत्मसाथ गर्दै सदस्यता विस्तार, २०८३ पुसमा बुटवल मण्डपमा पाचौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा ब्यापार मेला आयोजना, संस्थागत सुदृढीकरण,उद्योगी व्यावसायीहरुको क्षमता विकास, अवलोकन भ्रमण, नीति संवाद, १५ वटा वस्तुगत समिति गठन,आर्थिक पत्रकारिता पुरस्कारलाई निरन्तरता लगायत योजना पारित भएका छन्।

कार्यशालाले आगामी एक वर्षभित्र एक हजार जना नयां सदस्यलाई संघमा आवद्ध गराउने, आजिवन सदस्यता बिस्तारमा सयजना थप गर्ने, मानार्थ सदस्यमा २० जना थप गर्ने र निष्क्रिय तथा पुराना सदस्यलाई सक्रिय बनाउन बिशेष अभियान सञ्चालन गरिने भएको छ।

यस्तै संघको भवन निर्माण, नयाँ प्रविधि तथा व्यवस्थापन अध्ययन, औद्योगिक/व्यावसायिक सिप बिकास सम्वन्धी तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रर्दशनी सहभागिता तथा अवलोकन,राजनैतिक दलहरुसँग भेटघाट,सरकारी,गैरसरकारी निकायहरुसँग भेटघाट तथा समन्वय गर्ने योजना पारित भएको छ।

यस्तै संस्थागत क्रियाकलापमा सिप बिकास तथा उद्यमशील तालिम/अभिमुखिकरण तालिम, भन्सार एकरुपताका तथा भन्सार नियमावली, आयात निर्यात,खुल्ला सिमाना सम्वन्धी अन्तरक्रिया/गोष्ठी, लेखा,कर राजश्व र भन्सार सम्वन्धि प्रशिक्षण तालिम,स्वदेशी उत्पादनलाई प्रोत्साहन र प्रयोग प्रवर्द्धन सम्वन्धी अन्तरक्रिया गर्ने योजना पारित भएका छन् । यस्तै दिर्घकालिन योजना अन्तर्गत उद्योग व्यापार संघ बुटवलको राहत कोष स्थापना/ कल्याणकारी कोष स्थापना, सचिवालय भवन निर्माण,मानार्थ सदस्यता प्रदान, आर्थिक पत्रकारिता पुरस्कारलाई निरन्तरता र सामुहिक लगानीको अवधारणा कार्यान्वयन गर्ने योजना पनि पारित भएका छन् ।

यस्तै सरकारी तथा गैरसरकारी निकायबाट सहयोग तथा राहत अनुदानको लागि पहल,घर भाडा समस्या समाधानमा पहल,बस्तुगत समितिका समस्या पहिचान गरि समाधानमुलक कार्यक्रम,स्थानीय सरकारसँग समन्वय तथा बिभिन्न व्यवसायिक कार्यक्रममा सहभागिता,अनुदानमा आधारित कार्यक्रमहरु, आन्तरिक राजश्व कार्यालय सँग समन्वय तथा कर दिवश कार्यक्रम,व्यवसाय मैत्री हेल्थ डेक्सको सुरुवात गर्ने योजना कार्यशालाले पारित गरेको महासचिव विजय आचार्यले जानकारी दिनुभयो ।

सामाजिक उत्तरदायित्व अन्तर्गत समाजसँग संस्थाको सहकार्य संस्थाप्रति समाजको सकरात्मक छवि निर्माणलाई प्राथमिकता दिएर धरासायी तथा समस्याग्रस्त व्यवसायीको परिवारलाई सहयोग, बृक्षारोपण तथा संरक्षण,रक्तदान, प्राकृतिक दैवी प्रकोपबाट प्रभावितहरुलाई सहयोग, सास्कृतिक सम्पदा संरक्षण, बौद्धिक अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने योजना पनि पारित भएका छन् ।

कार्यशालाले अध्ययन अवलोकन संयोजकमा उद्योग उपाध्यक्ष केशव श्रीस, अनुगमन संयोजकमा निवर्तमान अध्यक्ष बिष्णु प्रसाद पाण्डे, सरकारी तथा गैर सरकारी संघसंस्था समन्वय संयोजकमा वरिष्ठ उपाध्यक्ष पदम जि.सी, सदस्यता बिस्तार तथा नवीकरणमा पदम जि.सी ,केशव श्रीस,यमलाल मरासिनी,माया पाण्डे रहेको टिम बनाउने योजना पारित गरेको छ ।

सचिवालय एबम् प्रशासनिक संयोजकमा महासचिव बिजय आचार्य,आर्थिक उन्नतिको योजना सहित कोष लेखाको व्यवस्थापन संयोजकमा कोषाध्यक्ष दिलिप शर्मा, अभिलेखिकरण अन्तरक्रिया तथा महासचिव सहयोगी भुमिकामा सौरभ भुसाल, वस्तुगत उपसमिति गठन र परिचालन संयोजकहरुमा होटल तथा रेष्टुरेण्टमा बाणिज्य उपाध्यक्ष यमलाल मरासिनी, औषधी सर्जीकलमा नारायण प्रसाद पाण्डे, भबिश्वर ढकाल, सुसिला खनाल, कस्मेटिक तथा ब्युटिपार्लर र महिला उद्यमीमा माया पाण्डे, अटो इन्जिनियरिङ्गमा पदम जि.सी,खुद्रा किरानामा कृष्ण प्रसाद भुसाल, कपडा, फेन्सी,व्याग तथा तयारी पोशाकमा बिनोद आचार्य, सुनचाँदीमा बिनोद खाती, शैक्षिक परामर्श, स्वदेशी तथा बैदेशिक रोजगार परामर्शमा दिलिप शर्मा र तिलक राम पाण्डे, निर्माण सामाग्री तथा रङरोगनमा बिशाल पन्थी, प्रशान्त बन्जाडे, नर्सरी तथा पोल्टी फर्ममा प्रकाश भण्डारी,उद्योग तथा गार्मेन्टमा केशव श्रीस,जुत्ता चप्पल तथा व्यागमा न्याजुद्धिन मियाँलाई जिम्मेवारी दिने कार्यशाला वैठकले निर्णय गरेको छ।

यस्तै बृक्षारोपण तथा संरक्षणमा लक्ष्मण ज्ञवाली, रक्तदानमा केशव पौडेल, भित्तेपात्रो प्रकाशनमा बिनोद आचार्य, बार्षिक बुलेटिन प्रकाशनमा बिजय आचार्य, स्थापना दिवशमा दिलिप शर्मा, मुख स्वास्थ्य सम्वन्धी कार्यक्रममा ज्योती सापकोटालाई संयोजकको जिम्मेवारी दिइएको छ । कार्यशालामा संघका अध्यक्ष लोकनाथ पन्थीले सदस्यता विस्तार र २०८३ को बुटवल मण्डपमा आयोजना हुने पांचौ औद्योगिक प्रदर्शनी तथा ब्यापार मेला संघको तत्कालीन पहिलो प्राथमिकता भएकाले त्यसमा केन्द्रीत हुँदै अन्य योजनालाई पनि सफल बनाउने बताउनुभयो । संस्थापक अध्यक्ष खिमनारायण पराजुलीले उद्घोषण कला तथा व्यक्तित्व र नेतृत्व क्षमता विस्तारबारे प्रशिक्षणूलक भनाई राख्नुभयो ।

कार्यशालामा नेपाल जेसिसका पूर्व केन्द्रिय उपाध्यक्ष शिव प्रसाद भुसाल,सल्लाहकार बाबुराम पोखेल, सल्लाहकार पुष्पराज ढकाल, कानुनी सल्लाहकार दामोदर घिमिरे, निवर्तमान अध्यक्ष बिष्णु प्रसाद पाण्डेले आआफ्नो भनाई राख्नु भएको थियो ।

कार्यशालामा कार्यक्रम संयोजक एवं संघका बरिष्ठ उपाध्यक्ष पदम जि.सी, उद्योग उपाध्यक्ष केशव श्रीस,महासचिव विजय आचार्य, कोषाध्यक्ष दिलिप शर्माले आआफ्नो जिम्मेवारीका विषयमा प्रस्तुतिकरण दिएका थिए भने समूहगत प्रस्तुतितर्फ ग्रुप एबाट कृष्ण भुसाल, बिबाट बिशाल पन्थी र सिबाट तिलकराम पाण्डेले प्रस्तुतिकरण दिएका थिए ।

**मणि मुकुन्द प्रकाशन प्रा. लि.** द्वारा प्रकाशित **नव तिलोत्तमा दैनिक**का लागि अध्यक्षः **जनक कोइराला**, प्रबन्ध सञ्चालक/सम्पादकः **माधव नेपाल**, फोन नं. **विज्ञापन**: ०७१-४३८५७४,
**समाचार**: ०७१-४३८५७५ **फ्याक्स नं.** ०७१-४३८५७२ **कार्यालयः** कालिकानगर-१० बुटवल, इमेलः **tilottamadainik@gmail.com,** मुद्रणः **तिलोत्तमा प्रेस**, बुटवल रुपन्देही